# नगर कार्यपालिकाको बैठक नं. ५/२०७९/८०

आज मिति २०७९/०७/०२ गते बुधवार बिहान ८:०० बजे क.उ.म.न.पा.को सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको पाँचौ बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।

**छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-**

१. मानवत-मटिअर्वा सडक ठेकेदार भिस्वाले तिर्नुपर्ने दायित्व तथा मेशिनरी औजार सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं.१ माथि छलफल गर्दा दुर्गा प्रसाद दाहालले दिएको निवेदनमा उल्लेख गरेका सामानहरु ग्रेडर, रौलर र भल्भर लगायत समान गैर नेपाली (भारतीय) रहेको भनि बुझिएको निवेदनमा माल धनिको नाम उल्लेख रहेको कुनै कागज दर्ता प्रमाण निवेदन साथ नरहेको तथा उक्त सामानहरु ६ वर्ष देखि वेवारिसे अवस्थामा रहेकाले उक्त समानहरु के कस्तो हो? र के कस्तो अवस्थामा छ? के कुन ठाउँमा के कुन नम्बरले दर्ता रहेको छ ? सो सम्बन्धमा यस कार्यालयबाट स्थानीय जनसमुदाय तथा सरोकारवाला व्यक्तिहरुलाई राखी मुचुल्का गराई सो को जानकारी जिल्ला प्रशासन कार्यालय, बारा ; नेपाल सरकार गृह मन्त्रालय र सम्बन्धित कुटनीतिक नियोगलाई दिने तथा जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयसंग आवश्यक समन्वय गरि आवश्यक कार्यवाही गर्ने र हकदावी सम्बन्धि सुचना नेपालको राष्ट्रिय स्तरको अंग्रेजी पत्रपत्रिकामा प्रकाशन गर्ने निर्णय गरियो ।

२. वातावरण संरक्षण शुल्क संकलन स्थान निर्धारण सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं.२ माथि छलफल गर्दा वातावरण संरक्षण शुल्क संकलनको लागि वडा नं. २४ को सखुई, वडा नं. २ को अवधापुर हनुमान मन्दिर चौक, वडा नं. २३ सिसहनिया चौक, वडा नं. १० को मटिअर्वा र वडा नं. ९ को रामपुरमा संकलन स्थान कायम गर्ने निर्णय गरियो ।

३. वडा नं. २७ स्थित श्री ने.रा.आ.विद्यालय बिजुल रामपुर भवन निर्माण गर्न "कुसानोन" मा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

निर्णय :- वडा नं. २७ स्थित श्री ने.रा.आ.विद्यालय बिजुलरामपुरको भवन निर्माण गर्न न.पा. ले २०% लागत सहभागिता गर्ने गरि "कुसानोन" मा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

४. Integrated Solid Waste Management (ISWM) को लागि Crystal Engineering and Management Consultant Pvt.Ltd. , Kalaiya , Bara ले पेश गरेको प्रस्ताव सम्बन्धमा ।

निर्णय :- यस कलैया उपमहागरपालिकाको Integrated Solid Waste Management (ISWM) गर्नको लागि Crystal Engineering and Management Consultant Pvt.Ltd. , Kalaiya , Bara ले पेश गरेको प्रस्तात्र सम्बन्धमा अध्ययन गरि पेश गर्न वातावरण तथा विपद व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो ।

५. वडा न.३ स्थित सिद्धेश्वर मन्दिर परिषरमा रहेको बोटबिरुवा रङ्गरोगण कार्य सम्बन्धमा ।

निर्णय :- वडा नं.३ स्थित सिद्धेश्वर मन्दिर परिषरमा रहेको बोटबिरुवा रङ्गरोगण कार्यमा लागेको ज्यामीहरुको ज्याला/पारिश्रमिक प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भुक्तानी हुने गरि निर्णय गरियो ।

६. सामाजिक परिक्षण सम्बन्धमा ।

निर्णय :- कलैया उपमहानगरपालिकाको सामाजिक परिक्षण सम्बन्धि हलेसी रिसर्च एण्ड कन्सल्टेन्सी, ललितपुरले पेश गरेको प्रारम्भिक डाटा र बस्तु स्थिति सम्बन्धि प्रस्तुतीकरणलाई हेर्दैबुझ्दै र आ-आफ्नो प्रतिक्रियाका साथ निर्देशन दिदै अगामी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत